स्थानीय सरकार
LOCAL GOVERNMENT
# दुहवी नगरपालिका
# DUHABI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.-२०८३/०८४
च.नं.-

मितिः-२०८३/०४/१२

विषयः स्थानीय शोक बिदा सम्बन्धमा।

मिति २०८३/०४/१० गते सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका–३, कप्तानगञ्ज बजारमा घटेको अत्यन्तै दु:खद एवं हृदयविदारक घटनाप्रति दुहबी नगरपालिका गहिरो दु:ख व्यक्त गर्दछ। उक्त अकल्पनीय घटनामा परी ज्यान गुमाउनुभएका सम्पूर्ण दिवङ्गत आत्माहरूप्रति दुहवी नगरपालिका परिवार भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, शोकको यस कठिन घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। उक्त दु:खद घटनाप्रति शोक व्यक्त गर्दै दिवङ्गतहरूप्रति सम्मान प्रकट गर्ने उद्देश्यले दुहबी नगरपालिकाले मिति २०८३ साल साउन १३ गते (एक दिन) स्थानीय शोक बिदा दिने निर्णय गरिएको छ। उक्त अवधिमा दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू, नगरभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू, स्वास्थ्य संस्थाहरू (अत्यावश्यक स्वास्थ्य सेवा बाहेक) तथा नगरपालिका मातहतका अन्य सम्पूर्ण सरकारी कार्यालयहरूमा स्थानीय शोक बिदा रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

..............................
**मेनुका पोखरेल (खतिवडा)**
**कार्यवाहक नगर प्रमुख**



CS Scanned with CamScanner